**निर्णय नं १**

धनकुटा नगरपालिका वडा नं. १ हिले-ओक्मालुङ्ग सडक स्तरोन्नति कार्यक्रमका लागि राष्ट्रिय योजना आयोगबाट समपुरक अनुदान शीर्षकबाट प्राप्त रकम रु.४,००,००,०००।– बाट निर्माण कार्य अगाडी बढाउदा प्रथम चरण र दोस्रो चरणको बोलपत्र पेश गर्ने मध्ये सबैभन्दा घटी कवोल गर्ने तपसीलमा उल्लेखित निर्माण व्यवसायीसँग सम्झौता गरी कार्यादेश दिइएको थियो । कोभिड-१९ को दोस्रो लहर नियन्त्रणका लगि गरिएको बन्दाबन्दीका कारण तोकिएको समयमा तोकिएको काम (कार्य योजनानुसार) सम्पन्न हुन सकेन र निर्माण व्यवसायीहरुले आ.व. ०७७।०७८ भित्र कार्य सम्पन्न गर्न सकेनन् । नेपाल सरकार मन्त्रीपरिषदको २०७८।५।३ को बैठकबाट म्याद थप हुने निर्णय भएपछि निर्माण व्यवसायीहरुले म्याद थपका लागि यस कार्यालयमा निवेदन पेश गरेका छन् । अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम माहशाखाको च.न. ६६ मिति २०७८।५।२१ को पत्रको प्रकरण क अनुसार २०७७।०७८ मा सम्झौता भइ कार्यादेश दिदाको रकममा थप व्ययभार नपर्ने गरी सम्झौतानुसार हिले-ओक्मालुङ्ग सडकको स्तरोन्नतिका कार्य सम्पन्न गरे पश्चात मात्र भुक्तानी दिने गरी २०७८ साल पौष मसान्त सम्मको म्याद थप गरी कार्य सम्पन्न गराउने वजेट निकासाका लागि राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने निर्णय गरियो ।

तपसील

१) आजाद निर्माण सेवा प्रा.लि, बानेश्वर काठमाण्डौ ।
२) यूनिक कन्स्ट्रक्सन, इटहरी-१ सुनसरी ।

**निर्णय नं २**

मुख्य मन्त्री ग्रामिण सुधार कार्यक्रम अन्तर्गत धनकुटा नगरपालिका-७ बसपार्क जिरोप्वाइन्ट र वडा नं. ९ वागखोर माहाङ्ग सडक स्तरोन्नति कार्य धनकुटा नगरपालिका र प्रदेश सरकारको लागत साझेदारीमा भइ आएको थियो । चालु आ.व.का लागि पूर्वाधार विकास कार्यालय भोजपुरले वाकी काम र विनियोजन गर्नुपर्ने रकम बारेमा गत नगर सभा अगाडी कुनै जानकारी नगराएका कारण रकम विनियोजन भएको छैन । हाल पूर्वाधार विकास कार्यालयवाट उक्त सडक सम्पन्न गर्न प्रदेश सरकारले मुख्यमन्त्री ग्रामीण सडक सुधार कार्यक्रमबाट रु.४०,००,०००/- विनियोजन भएकोले उक्त रकमको २०% ले हुन आउने रु.८,००,०००/- विनियोजन गरी यस कार्यालयलाई जानकारी गराउन च.नं. ८० मिति २०७८।५।२० को पत्रबाट लेखि पठाएको हुनाले उक्त सडक सम्पन्न गर्न चालु आ.व. को स्वीकृत कार्यक्रम व.शी.नं. ३११५१ मार्गा-पाल्ले-कागते-भिरगाउ सडक स्तरोन्नति साझेदारी कार्यक्रममा स्वीकृत रकम रु.८,००,०००/- लाई बसपार्क-जिरोप्वाइन्ट र वाघखोर माहाङ्ग सडक साझेदारी शीर्षकमा शीर्षक परिवर्तन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

मुख्यमन्त्री ग्रामिण सडक सुधार योजना अन्तर्गत धनकुटा नगरपालिका वडा नं. ७ बसपार्क-जिरोप्वाइन्ट र वडा नं. ९ वाघखोर माहाङ्ग सडक स्तरोन्नतिका लागि धनकुटा नगरपालिकाले कुल लागत अनुमानको २०% रकम व्यहोर्नु पर्ने मुख्यमन्त्री ग्रामिण सडक सुधार आयोजना (सञ्चालन) नियमानवली, २०७६ ले व्यवस्था गरेको छ । गत आ.व. मा जम्मा भए गरेका कामको अन्तिम मूल्यांकन रु.८९,९७,४०६/- भई धनकुटा नगरपालिकाले उक्त मूल्यांकनको २०% ले हुन आउने रकम रु. १७,९९,४८०/- भुक्तानी दिनु पर्नेमा २०७७।८।२८ मा रु. ३६९२२६।२४ भुक्तानी भइ रु.९२५७७३/- मात्र रकम रहेकोले सोहि रकम भुक्तान गरी रु.५०४४८०/- बाकी रहन गएको थियो । हाल पूर्वाधार विकास कार्यालय भोजपुर र निर्माण व्यवसायी छिन्ताङ्ग देवी निर्माण सेवा प्रा.लि. ले पटक पटक तागेता गरिरहेको हुनाले चालु आ.व.को स्वीकृत कार्यक्रम व.शी.नं. २८२१९ अन्य फिर्ता पालिकाको दायित्व सृजना भइ संघ तथा प्रदेश सरकारलाई बुझाउनु पर्ने दायित्व अनुदान कर समेतबाट पुर्वाधार विकास कार्यालय भोजपुरलाई भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४

धनकुटा नगरपालिका वडा नं. १ मा ३ स्थानमा, वडा नं. ३ मा १ स्थानमा , वडा नं. ४ मा २ स्थानमा र वडा नं. ६ मा २ स्थानमा गरी जम्मा ८ (आठ) स्थानमा डिपवोरिङ्ग गरी धनकुटा नगरपालिकाका वडा १,३,४,५,६,७ र ८ का वासिन्दालाइ खानेपानी उपलब्ध गराउन गरिएको आठ वटा डिपवोरिङ्ग प्रति डिपवोरिङ्ग रु.४०,००,०००।–(चालिस लाख) का दरले हुने रकम जम्मा रु. ३,२०,००,०००।–(तिन करोड विस लाख) र धनकुटा नगरपालिका १ हिलेमा २ वटा जिर्भायर ट्यांकी (१ लाख लिटर क्षमता भएको जिर्भायर ट्यांकी १ र २ लाख लिटर क्षमता भएको जिर्भायर ट्यांकी १) निर्माणका लागि रु ५४०००००/- गरी जम्मा रु ३७४००००० /-ऋण सहयोग उपलब्ध गराई दिन तथा

नगर विकास कोषको ऋण सहयोगमा सञ्चालन भएको लिफ्ट प्रणलीको खानेपानी योजनालाई पुन सञ्चालनमा ल्याउन आवश्यक प्राविधिक तथा आर्थिक सहयोग उपलव्ध गराइ दिन  नगर विकास कोष समक्ष अनुरोध गर्ने निर्णय गरियो

**निर्णय नं. ५**

धनकुटा नगरपालिकाद्वारा धनकुटा नगरपालिका वडा नं १,३,४,५,६,७ र ८ मा बसोबास गर्ने वडाबासीहरुलाई डिपबोरिङ्गबाट उपलब्ध गराउने खानेपानीको महशुल दर नगर विकास कोषबाट सिफारिस भए अनुसार लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नगर विकास कोषको ऋण सहयोगमा धनकुटा नगरपालिकाका ८ स्थानमा गरिएको डिपवोरिङ्ग रहेको  आठ स्थानको सबै  जग्गा र खानेपानी रिजर्भायर ट्यांकी वनाउने दुवै स्थानका जग्गा सरकारी जग्गा रहेकोले सोही व्यहोरा नगर विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४, प्रदेश तथा स्थानीय तहको आन्तरिक लेखा परीक्षणको उपदफा ३ अनुसार प्रदेश तथा स्थानीय तहले आन्तरिक लेखा परीक्षणको प्रतिवेदनमा उल्लेख भए वमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न तपसिल वमोजिमको लेखा परीक्षण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक श्री रामबहादुर थापा, प्रमुख प्रशासकीय अधिकृत
सदस्य श्री सीताराम गौतम, प्रशासन, योजना तथा अनुगमन अधिकृत
सदस्य श्री मिङ्गमा दोर्जी सेर्पा, इन्जिनियर
सदस्य श्री त्रिविक्रम दाहाल, आन्तरिक लेखा परीक्षण अधिकृत
सदस्य श्री रत्न बहादुर जिमी, लेखा अधिकृत
सदस्य सचिव श्री नर बहादुर भुजेल , लेखा अधिकृत

**निर्णय नं ८**

धनकुटा नगरपालिका वडा नं.१० धर्मशालामा भिजु ब्रिर्डसले स्थापना गर्न लागेको प्रजनन फर्म सञ्चालनका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्न भिजु ब्रिर्डस फर्म प्रा.लि. टंकि सिनवारी गाउँपालिका वडा नं. २ ले तयार गरी पेश गरेको प्रारम्भिक वातावरणीय परिक्षण कार्य सूचि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

धनकुटा नगरपालिका क्षेत्र भित्र रहेका विधालयहरुलाइ कोभिड १९ वाट सुरक्षित रहन नेपाल सरकारले जारी गरेका स्वास्थ्य मापदण्ड र सामाजिक दुरीको पालना गरी सिफ्ट प्रणली अपनाएर विधालय सञ्चालन गर्न सहमती दिने निर्णय गरियो ।

**निर्णय नं १०**

अन्तराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रको सहयोगमा तयार भएको निवुवा -ताँखुवा जलाधार व्यवस्थापन योजनाका लागि तयार भएको एकीकृत कार्ययोजना स्वीकृत गरी आर्थीक र प्राविधिक सहयोग जारी राख्न अन्तराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार संयोजक पद १ र रोजगार सहायक पद १ रिक्त रहेका हुनाले उक्त पदमा नया नियुक्ति गरी पद पूर्तिका लागि आवस्यक प्रकृया पुरा गरी उमेद्वार सिफारिस गर्न धनकुटा नगरपालिका कर्मचारी सेवा ऐन २०७७ को दफा ३३ अनुसारको वढुवा समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं १२**

धनकुटा नगरपालिकाको आठौं नगरसभाको वैठकवाट सामाजिक परिचालक र नगर प्रहरीको स्थायी नियुक्ति गर्ने निर्णयानुसार पदपूर्ति सम्वन्धमा प्रदेश लोक सेवा आयोग प्रदेश नं. १ विराटनगर समक्ष माग गरिएको परामर्श प्राप्त

भएपछि वा प्राप्त हुन नसकेमा समेत नगरसभाको निर्णयानुसार सामाजिक परिचालक र नगर प्रहरीको स्थायी नियुक्ति गरी पदपूर्तीका लागि उमेद्वार सिफारिस गर्न धनकुटा नगरपालिका कर्मचारी सेवा ऐन २०७७ को दफा ३३ अनुसारको बढुवा समितिलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं १३

निकट भविष्यमा आइरहेका चाडपर्वलाइ ध्यानमा राखेर  नगरक्षेत्र भित्रका सडक, ढल सरसफाइ गर्ने, पहिरो हटाउने कार्य गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमवाट ज्याला उपलव्ध गराउने गरी सोही कार्यक्रममा सूचीकृत वेरोजगारहरु मध्येवाट २० जनालाई १०० दिन काम लगाउने निर्णय गरियो ।

निर्णय नं १४

धनकुटा नगरपालिका २ भिरगाउमा रहेको मधुगंगा धाम संरक्षण र विकास कार्यका लागि माग भएको विधुतीय वोलपत्र अनुसार थेगिम-सिंह जे.भि.ले रु ३२७७९१९०/-(मु अ. कर र कन्टिन्जेन्सि वाहेक) मा ठेक्का सम्झौता गरी कृषि विकास वैंक लिमिटेड कालीमाटीको रु ३२७००००/-को Advance payment guarantee संलग्न राखि रु ३२७००००/- मेविलाइजेशन पेश्कि उपलब्ध गराइदिन निवेदन दर्ता गराएको छ । नगरपालिकाको स्वीकृत वजेट रु १०,००,०००/- पेश्कि उपलब्ध गराइ सकिएको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मनत्रालयवाट रकम निकासा नआएको हुनाले पुरा मेविलाइजेशन पेश्कि उपलब्ध गराउन सकिएन । काम सम्पन्न गर्नुपर्ने म्याद फागुन सम्म मात्र भएको हुनाले समयमानै काम सम्पन्न गराउन निर्माण व्यवसायीलाइ थप मोविलाइजेशन पेश्कि रकम दिनुपर्ने भएको हुनाले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयवाट रकम निकासा भए पछि सोधभर्ना गर्ने गरी नगरपालिकाको रकम जम्मा रहेको स्रोतवाट हाललाइ रु २००००००/-थप मोविलाईजेशन पेश्कि उपलव्ध गराई सम्झौतानुसारको कार्य सुरु गराउने निर्णय गरियो ।

निर्णय नं १५

आर्थिक विकास शाखावाट सञ्चालन हुने योजना तथा कार्यक्रम सञ्चालनका लागि तयार भई पेश भएको_आर्थिक विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

## धनकुटा नगरपालिकाको आर्थिक विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

आर्थिक विकासका लागि महत्वपूर्ण क्षेत्रको रुपमा रहेका कृषि, पशु, लघु उद्यम, पर्यटन, व्यापार तथा सीपमूलक तालिमबाट उत्पादनमा विविधीकरण गरी थप व्यावसायिक, प्रतिस्पर्धी र उत्पादन लागत प्रभावकारी यान्त्रीकीकरण, प्रविधिमैत्री एवम् वातावरणमैत्री बनाउदै लैजान धनकुटा नगरपालिकाबाट सञ्चालन गरिने आर्थिक विकास सम्बन्धी कार्यक्रमहरु मितव्ययी, प्रभावकारी, पारदर्शी, जवाफदेही, उत्तरदायी एवम् गुणस्तरीय बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को व्यवस्था अनुरुप धनकुटा नगरपालिकाले यस आर्थिक विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ तयार गरी जारी गरेको छ ।

### परिच्छेदः १

### संक्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम धनकुटा नगरपालिकाको आर्थिक विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ रहेको छ ।

ख. यो कार्यविधि धनकुटा नगरपालिकाको क्षेत्रभित्र लागू हुनेछ ।

ग. यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

परिभाषाः विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमाः

क. कार्यपालिका भन्नाले धनकुटा नगर कार्यपालिकालाई जनाउने छ ।

ख. नगरपालिका भन्नाले धनकुटा नगरपालिकालाई जनाउने छ ।

ग. प्रमुख भन्नाले धनकुटा नगरपालिकाको प्रमुख लाई जनाउने छ ।

घ. उप प्रमुख भन्नाले धनकुटा नगरपालिकाको उप प्रमुख लाई जनाउने छ ।

ङ. प्रमुख प्रशासकीय अधिकृत भन्नाले धनकुटा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत तथा कार्यालय प्रमुखलाई जनाउने छ ।

च. शाखा प्रमुख भन्नाले धनकुटा नगरपालिकाको आर्थिक विकास शाखाको प्रमुखलाई जनाउने छ ।

छ. शाखा भन्नाले धनकुटा नगरपालिकाको आर्थिक विकास शाखालाई जनाउने छ ।

ज. आर्थिक विकास समिति भन्नाले धनकुटा नगरपालिकाको आर्थिक विकास समितिलाई जनाउने छ ।

झ. सेवा केन्द्र भन्नाले नगरपालिकामा रहेका कृषि तथा पशु सेवा केन्द्रलाई जनाउने छ

## परिच्छेदः २
## उद्देश्य

क. नगरपालिकाबाट सञ्चालन हुने आर्थिक विकास कार्यक्रम (कृषि/ पशु/ घरेलु उद्योग / यान्त्रिकरण/ सहकारी/रोजगारी) कार्यान्वयन प्रक्रियालाई सरल, सहज, प्रभावकारी, पारदर्शी एवम् गुणस्तरयुक्त बनाउने ।

ख. कृषि व्यवसायलाई दिगो, मर्यादित, प्रतिस्पर्धी एवम् उत्पादनमूलक बनाउने ।

ग. अनुदान वितरण प्रक्रियालाई सरल, निष्पक्ष र पारदर्शी बनाउने ।

घ. सेवा प्रवाहको प्रक्रियालाई छिटो, छरितो, सहज, सरल, निष्पक्ष बनाउने ।

ङ. रसायनिक मल / विषादीको प्रयोग व्यवस्थित बनाउने ।

च. लाभग्राहीको छनौट प्रक्रियालाई स्पष्ट र पारदर्शी बनाउने ।

छ. बाँझो जमिन राख्न निरुत्साहन गर्ने ।

## परिच्छेदः ३
## आर्थिक विकास कार्यक्रम तथा सञ्चालन प्रक्रिया

### १. कृषि औजार उपकरण खरिदमा कृषकसँग साझेदारी

धनकुटा नगरक्षेत्रका कृषक/कृषक समूह/ सहकारी संस्था/ ब्यक्तिगत फर्मलाई अनुदान साझेदारी तथा सहकारीको माध्यमबाट कृषि यन्त्र उपकरण उपलब्ध गराई कृषि पेशालाई आधुनिकीकरण गर्दै उत्पादकत्वमा वृद्धि गरी खेती प्रणालीलाई ब्यवस्थित गरिनेछ ।

### १.१ कार्य सञ्चालन प्रक्रिया

<u>निवेदन/प्रस्ताव पेश गर्नेः</u> निवेदक/ प्रस्तावकले आवश्यक कागजातहरु राखी अनुदान प्राप्त गर्न तोकिएको ढाँचामा निवेदन/प्रस्ताव पेश गर्नुपर्नेछ । साथै कार्यक्रम सञ्चालनका लागि सूचना प्रकाशन गरिएको खण्डमा सूचनामा उल्लेखित सर्तहरु लागू हुनेछन् ।

<u>निवेदन/प्रस्तावका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः</u>

- कृषक समूह/ कृषि सहकारी/ कृषि फर्म/ कृषकको अनुसूची-१ को ढाँचामा माग निवेदन,

- कृषक समूह/कृषि सहकारी/ कृषि फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ,
- कर चुक्ता प्रमाणपत्र/नवीकरण,
- सम्वन्धित व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्र ,
- जग्गा धनिपुर्जाको प्रतिलिपि ।

यान्त्रीकीकरण अनुदान हस्तान्तरणमा प्राथमिकता दिईने :- यान्त्रीकीकरण अनुदान हस्तान्तरण गर्दा देहाय बमोजिमका कृषक/ कृषक समूह/ सहकारी संस्थालाई प्राथमिकता दिइनेछ ।

- कृषि सम्बन्धी तालिम प्राप्त गरी उद्योग व्यवसाय सञ्चालन गरिरहेको ।
- कृषि समूह/ सहकारी / निजी फर्म दर्ता गरी सञ्चालनमा रहेको ।
- स्वदेशी श्रम, सिप तथा स्थानीय कच्चा पदार्थको उपयोग गरी स्थापना एवम् सञ्चालन भएका कृषि उद्योग तथा व्यवसाय भएको कृषक ।
- महिला, दलित, अपाङ्ग, आर्थिक एवम् सामाजिक दृष्टिले पछि परेका कृषक, समूहहरु ।
- वातावरणमैत्री कृषि उद्योग व्यवसाय सञ्चालन गरेको कृषक ।
- खाद्यन्न बाली, तरकारी बाली, फलफूल बालीका लागि न्यूनतम १० रोपनी जग्गा भएको कृषि समूह/ सहकारी / निजी फर्म वा जग्गा लिजमा लिएर उद्यम सञ्चालन गरिरहेको ।

यान्त्रीकीकरण अनुदान हस्तान्तरण सम्बन्धी प्रक्रिया :- (१) कार्यक्रम संचालनार्थ नगरपालिकाको तर्फबाट प्रत्येक आर्थिक वर्षमा विनियोजित हुने रकमको परिधिभित्र रही आवेदन साथ संलग्न प्रस्ताव अनुसार कृषकको क्षमता र यान्त्रीकीकरण अनुदान हस्तान्तरण कार्यक्रमबाट प्राप्त हुने उपलब्धि र प्रभावका आधारमा यसै कार्यविधि बमोजिमको मापदण्ड पुगेको कृषकसँग अनुसूची–२ को ढाँचामा सम्झौता गरी यान्त्रीकीकरण अनुदान हस्तान्तरण गरिनेछ ।

(२) कृषकको आवश्यकता र कृषि व्यवसायबाट हुने रोजगारीका आधारमा लागत अनुमानको बढीमा ८०% (असी प्रतिशत) सम्मको अनुदान उपलब्ध गराईनेछ । उपलब्ध गराईने यान्त्रिक अनुदानको कूल लागतको कम्तीमा २०% (बीस प्रतिशत) रकम कृषकले व्यहोर्नु पर्नेछ ।

(३) अनुदान कार्यक्रमको लागि छनौट भएका कृषकसँग सम्झौता हुनुपूर्व लागत सहभागिता बापतको रकम कृषकले आफ्नो खातामा जम्मा गरी सक्कल भौचर पेस गर्नु पर्नेछ ।

(४) सम्झौता पश्चात नगरपालिकाबाट तोकिएको अनुदान रकममा कम्तिमा २० प्रतिशत रकम साझेदारी गरी माग गरे बमोजिमको कृषि यन्त्र उपकरण कृषक स्वयम्ले खरिद गरी ल्याउनु पर्नेछ ।

(५) कृषकले खरिद गरेको यन्त्र उपकरणको सक्कल बिलका साथ मेसिन औजारको फोटो समेत राखी अनुदान रकम भुक्तानीका लागि नगरपालिका समक्ष प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(६) कृषकबाट बिल/प्रतिवेदन प्राप्त भएपछि आवश्यक परेमा नगरपालिकाबाट अनुगमन/निरीक्षण गरी नगरपालिकाबाट प्रदान गरिने अनुदान रकम कृषकको बैंक खातामा उपलब्ध गराइनेछ ।

**१.२ यान्त्रीकीकरण अनुदान कार्यक्रम अन्तर्गत हस्तान्तरण गरिने कृषि औजार तथा उपकरण :-**

| क.स. | कृषि औजार तथा उपकरणको नाम | सामग्रीको क्षमता | न.पा.बाट दिईने अनुदान रकम (अधिकतम) | कृषकको लागत सहभागिता (न्यूनतम) |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | मिनि टिलर | ९ एच.पी.सम्म | ८० प्रतिशत | २० प्रतिशत |
| २ | इलेक्ट्रिक स्प्रेयर्स | | ८० प्रतिशत | २० प्रतिशत |
| ३ | चाफ कटर | | ८० प्रतिशत | २० प्रतिशत |
| ४ | ब्रस कटर | | ८० प्रतिशत | २० प्रतिशत |
| ५ | पावर स्पेयर | | ८० प्रतिशत | २० प्रतिशत |
| ६ | कृषि उत्पादनमा प्रयोग हुने साना तथा मझौला औजार/उपकरणहरु | | ८० प्रतिशत | २० प्रतिशत |

**१.३ अनुदान हस्तान्तरणका सर्तहरु :**

(१) कृषकहरुले प्राप्त यान्त्रीकीकरण अनुदानको उचित सदुपयोग गर्नुपर्नेछ ।

(२) अनुदान प्राप्त गरेको मितिले ३ वर्षसम्म अरुलाई हस्तान्तरण गर्न पाईने छैन, सो भन्दा अगावै हस्तान्तरण वा विक्री वितरण गरेमा वा सम्झौता बमोजिम अनुदानको उपयोग नगर्ने कृषकलाई प्रचलित कानुन बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ र त्यस्ता कृषकलाई पुनः कार्यक्रम उपलब्ध गराइने छैन ।

(३) कुनै कृषकले अनुदानको पूर्ण सदुपयोग गरी व्यवसायमा उन्नति गर्नुको साथै स्थानीयस्तरमा रोजगारी सिर्जना गरी समुदायलाई उल्लेखनीय योगदान पुर्याएमा त्यस्ता कृषकलाई पुनः अनुदान उपलब्ध गराउन सकिनेछ

**१.४ अनुगमन, निरीक्षण तथा मूल्याङ्कन :-** यस कार्यविधि अनुसार उपलब्ध गराईने यान्त्रीकीकरण अनुदान सदुपयोग भए नभएको बारेमा कार्यालयले जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्ने र मूल्यांकन गरी प्रतिवेदन दिन सक्नेछ ।

**२. युवाका लागि रोजगारः आर्थिक विकासको आधार**

धनकुटा नगरपालिका क्षेत्रका युवा (१८–५९ उमेर समूह) लाई व्यवसायिक कृषि, पशुपालनका लागि अनुदान, रोजगारमूलक कार्यक्रममा साझेदारी, उद्यमशीलता विकास तथा सीप विकास तालिममा सहभागी गराउँदै आर्थिक उपार्जनका क्षेत्रमा सहायता प्रदान गरिनेछ ।

**२.१ कार्य सञ्चालन प्रक्रिया**

<u>निवेदन/प्रस्ताव पेश गर्ने:</u> प्रस्तावक/ निवेदकले आवश्यक कागजातहरु राखी सञ्चालन गर्न खोजिएको कार्यक्रम/योजनाको प्रस्तावना पेश गर्नु पर्नेछ । साथै कार्यक्रम सञ्चालनका लागि सूचना प्रकाशन गरिएको खण्डमा सूचनामा उल्लेखित सर्तहरु लागू हुनेछन् ।

<u>निवेदन/प्रस्तावका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:</u>

- समूह/ सहकारी/ कृषि फर्म/संस्था/ कृषकको माग- निवेदन,
- समूह/ सहकारी/ कृषि फर्म/ संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि ,
- कर चुक्ता प्रमाणपत्र/नवीकरण,
- सम्वन्धित व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्र,
- आर्थिक प्रस्तावना ।

कार्यक्रम सञ्चालनका लागि प्राथमिकता दिईने :- कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमका कृषक/ कृषक समूह/ निजी फर्म/ सहकारी संस्थालाई प्राथमिकता दिइनेछ ।

- कृषि/ पशुपालन/ लघु उद्यम/ पर्यटन व्यवसाय सम्बन्धी तालिम प्राप्त गरी उद्योग व्यवसाय सञ्चालन गरिरहेको ।
- उत्पादनमुखी र स्थानीय बजार मागलाई पूर्ति गर्न सहयोग पुग्ने योजना भएको ।
- समूह/ सहकारी / निजी फर्म दर्ता गरी सञ्चालन गरिरहेको ।
- स्वदेशी श्रम, सिप तथा स्थानीय कच्चा पदार्थको उपयोग गरी स्थापना एवं सञ्चालन भएका उद्योग तथा व्यवसाय ।
- महिला, दलित, अपाङ्ग, आर्थिक एवम् सामाजिक दृष्टिले पछाडि परेको समूह/ कृषक ।
- वातावरणमैत्री उद्योग व्यवसाय सञ्चालन गरेको ।
- कार्यक्रम/ योजना कार्यान्वयन गर्दा स्थानीय स्तरमा अल्पकालीन तथा दिर्घकालीन रोजगारी सिर्जना हुन सक्ने सुनिश्चित भएको ।

कार्यक्रम/योजना सञ्चालनका लागि सहायता प्रदान गर्ने प्रक्रिया:- (१) कार्यक्रम/योजना सञ्चालनार्थ नगरपालिकाको तर्फबाट प्रत्येक आर्थिक वर्षमा विनियोजित हुने रकमको परिधिभित्र रही आवेदन साथ संलग्न प्रस्ताव अनुसार प्रस्तावकको क्षमता र कार्यक्रमबाट प्राप्त हुने उपलब्धि र प्रभावका आधारमा यसै कार्यविधि बमोजिमको मापदण्ड पुगेको प्रस्तावकसँग सम्झौता गरी सहायता प्रदान गरिनेछ ।

(२) नगरपालिकाले पारित गरेको नीति तथा कार्यक्रमसँग सम्बन्धित योजना तथा कार्यक्रम सञ्चालनका लागि माग भएका निवेदन उपर शाखाबाट पेश भएको टिप्पणी स्वीकृत गरी कार्यक्रम/योजना सञ्चालन गर्नु पर्नेछ ।

(३) प्रस्तावक/निवेदकलाई व्यवसाय प्रबद्र्धन तथा उत्पादनमा अनुदान रकम प्रदान गर्दा प्रस्तावित लागत अनुमानको बढीमा ८० (असी) प्रतिशत रकम प्रदान गर्नु पर्नेछ । उपलब्ध गराइएको अनुदानको २० (बीस) प्रतिशत साझेदारी रकम प्रस्तावक/निवेदकले ब्यहोर्नु पर्नेछ ।

(४) नगरपालिकाबाट तोकिएको अनुदान रकममा कम्तिमा २० प्रतिशत रकम साझेदारी गरी योजना/कार्यक्रम सञ्चालन गर्ने सम्झौता गर्नुपर्नेछ ।

(५) योजना/कार्यक्रम सञ्चालन गर्ने निश्चित भए पछि नगर कार्यपालिकाको कार्यालयले प्रस्तावक/निवेदकलाई कार्यालयको नियमानुसार पेश्की रकम उपलब्ध गराउन सक्नेछ ।

(६) प्रस्तावकले योजना/कार्यक्रम सम्पन्न भएपछि अनुसुची–३ को ढाँचामा प्रतिवेदन पेश गर्नुपर्नेछ । सम्बन्धित शाखाबाट कार्य सम्पन्न भएको निश्चित भए पछि अन्तिम भुक्तानीका लागि कार्यालय प्रमुख समक्ष सिफारिस गर्नु पर्नेछ ।

(७) प्रस्तावकबाट बिल भरपाई सहित प्रतिवेदन प्राप्त भएपछि आवश्यक परेमा नगरपालिकाबाट अनुगमन/निरीक्षण गरी अनुदान रकम प्रस्तावकको बैंक खातामा उपलब्ध गराउनु पर्नेछ ।

**३. कृषि उत्पादनमा वृद्धिः नगरमा समृद्धि**

प्रस्तावनामा आधारित कृषि उत्पादन वृद्धि हुने खालका कार्यक्रमहरु जस्तैः च्याउ, मौरी, तरकारी, फलफूल, पुष्प, कागती खेती आदिमा कृषकहरुलाई आकर्षित गरी उत्पादनमा वृद्धि सँगसँगै रोजगारी सिर्जना

गर्ने र आयतलाई प्रतिस्थापन गर्ने खालका कार्यक्रम कृषक/ कृषक समूह/ सहकारी/ फर्म सँग सम्झौता गरी सञ्चालन गर्नु पर्नेछ ।

**४. मेयर कृषि पर्यटन कार्यक्रम**

प्रस्तावना/निवेदनका आधारमा धनकुटा नगरपालिकालाई एभोकाडोको राजधानी तथा ड्रागनफलको पकेट क्षेत्रको रुपमा विकास गर्ने तथा पहिचान दिलाउने उद्देश्यका साथ उत्पादन वृद्धि गर्ने, प्रचारप्रसार तथा व्यवसायिक खेती गर्ने कृषक/समुह/ सहकारी/ फर्म/संस्था सँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**५. घरेलु उद्योग प्रबद्र्धन तथा साझेदारी/ उद्यमी प्रोत्साहन कार्यक्रम**

धनकुटा नगरपालिका क्षेत्रमा गरिवी निवारण, नयाँ उद्यमी सिर्जना तथा भैरहेका उद्यमीहरुको स्तरोन्नति गर्नका लागि लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सँग साझेदारी गर्दै प्रस्तावनाका आधारमा आवश्यक सिप विकास तालिम, पुनर्ताजगी तथा एड्भान्स तालिम, प्रविधि हस्तान्तरण, वजारीकरणमा सहयोग, क्षमता अभिवृद्धि, पुरस्कार तथा अनुदान प्रदान गर्न सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

**६. गाईगोठ सुधार कार्यक्रम**

कम्तिमा २ (दुई) वटा माउ गाई भएका र व्यावसायिक रुपमा गाइपालन व्यवसाय गर्न सक्ने सम्भावना भएका कृषक/ फर्मबाट प्राप्त आवेदन/ प्रस्तावनाका आधारमा पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाको समन्वयमा लागत स्टीमेट तयार गरी कुल लागतको अधिकतम ८० (असी) प्रतिशत नगरपालिकाको तर्फबाट र कम्तिमा २० (बीस) प्रतिशत रकम कृषकको साझेदारी हुने गरी सम्झौता गरेर कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेदः ४
## अनुदान कार्यक्रम कार्यान्वयन प्रक्रिया

क. नगरपालिकाकाको स्वीकृत बजेट तथा कार्यक्रमको परिधिमा रही अनुदान प्राप्त गर्न इच्छुक कृषक/आवेदक/प्रस्तावकले प्रमुख समक्ष निवेदन पेस गर्नु पर्नेछ । साथै सो सम्बन्धी बिषय उल्लेख गरेर नगरपालिकाले सुचना प्रकाशन समेत गर्न सक्नेछ ।

ख. प्राप्त निवेदन साथ कृषक/ व्यवसायी/ कृषक समूह/ कृषि सहकारी/ कृषि फर्मले तोकिए वमोजिमका कागजातहरु एवं आफ्नो व्यवसायको विस्तृत विवरण सहितको निवेदन/ प्रस्तावना पेस गर्नु पर्नेछ ।

ग. प्रस्तावनाका सम्बन्धमा कार्यालय प्रमुखले कार्य स्थलमै गएर फिल्ड भेरिफिकेसनका लागि आर्थिक विकास शाखा सहितका प्राविधिक कर्मचारी खटाउने छ ।

घ. संलग्न प्रस्तावना/ निवेदन, आवश्यक कागजात, बजेटको सिमा र फिल्ड भेरिफिकेसनबाट प्राप्त विवरणको आधारमा शाखाले लाभग्राही छनौटको निर्णयका लागि प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

ङ. कार्यक्रम सञ्चालनका लागि भौतिक पूर्वाधार निर्माणको लागत अनुमान तयारी तथा स्वीकृतिको लागि पूर्वाधार विकास तथा वातावरण ब्यवस्थापन शाखाले गर्नेछ । अन्य सरकारी कार्यालयवाट तयार भइ पेश भएका लागत स्टिमेटलाई नगरपालिकाको स्वीकृति आवश्यक पर्नेछ ।

च. छनौट भएका लाभग्राहीको बिबरण शाखा र सेवाकेन्द्रहरु मार्फत लाभग्राहीलाई जानकारी गराउने तथा वेवसाइटमा प्रकासन गरिने छ ।

छ. अनुदानका लागि छनौट भएका कृषक/ व्यवसायी/ संघ/ संस्था/ कृषक समूह/ कृषि सहकारी/ कृषि फर्म सँग कार्य सञ्चालनका लागि सम्झौता गरिने छ र उक्त सम्झौता वमोजिम कार्य सम्पन्न

पश्चात आवश्यकता अनुसार स्थलगत अनुगमन गरी शाखाको सिफारिसका आधारमा नगरपालिकाले भुक्तानी दिनेछ ।

ज. कार्यक्रम सञ्चालन पछि कृषकहरुलाई आवश्यक पर्ने प्राविधिक ज्ञान र सहायता कार्यालयमा रहेको सेवा केन्द्र सँग समन्वयन गरी प्रदान गरिने छ ।

झ. कार्यक्रम सञ्चालन सम्बन्धी आउने गुनासो व्यवस्थापन नगर कार्यपालिकाले गर्ने छ ।

ञ. कालो सूचीमा परेको फर्म/ कृषक समूह/ कृषि सहकारी/ संघसंस्थालाई अनुदान उपलब्ध गराइने छैन । साथै, अघिल्लो आ.व. मा समावेस भएका लाभग्राहीलाई सोही शीर्षकमा पुनः अनुदान उपलब्ध गराइने छैन ।

ट. कुनै उद्यमी/कृषक/कृषक समूह/फर्महरुलाई निजहरुले गरेको पुँजीको थप मात्रा र थप व्यवसायका लागि थप अनुदान दिन आवश्यक देखिएमा पुनः अनुदान दिन वाधा पर्ने छैन ।

ठ. अन्य कार्यक्रमको हकमा स्टिमेट अनुसार कार्यालयको निर्णयबाट कार्यक्रम संचालन गरिनेछ ।

## परिच्छेदः ५

## आर्थिक प्रशासन

कार्यक्रमको लेखाङ्कन, कारोवार र लेखा परिक्षण, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुने छ ।

## परिच्छेदः ६

## थपघट वा हेरफेर गर्न सक्ने

क. नगर कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

ख. यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा नगर कार्यपालिकाले त्यस्तो वाधा, अवरोध फुकाउने तथा व्याख्या गर्न सक्नेछ ।

ग. यो कार्यविधि लागू हुनु पूर्व कार्यान्वयन भएका योजना/कार्यक्रमहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

अनुसूची-१

कृषि यान्त्रिकरण अनुदान सहयोगको लागि कृषकले कार्यालयमा पेश गर्ने निवेदनको ढाँचा

मिति.............

श्रीमान प्रमुख ज्यू,
धनकुटा नगरपालिका ।

विषयः- कृषि यान्त्रिकरण अनुदान उपलब्ध गराई दिनुहुन ।

महोदय,

म हामी ............................................ ले विगत ............बर्ष देखि ब्यवसायिक कृषि व्यवसाय गर्दै आएको र सो को प्रवर्द्धन गर्नका साथै कृषिलाई आधुनिकीकरण गर्न आवश्यक भएकोले कृषि

यान्त्रिकरण अनुदान अन्तर्गत निम्न बमोजिमको मेशिन/औजार/उपकरण उपलब्ध गराई दिनु हुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु/छौ ।

निवेदकको विवरण

१. कृषकको नाम, थर र ठेगानाः

२. व्यवसाय/फर्मको नामः

३. माग गरेको मेशिन/औजार/उपकरणको नामः

संलग्न कागजातहरु

क. कृषक समूह/कृषि सहकारी/ कृषि फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ,

ख. करचुक्ता प्रमाणपत्र/नविकरण,

ग. सम्वन्धित व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्र ,

घ. जग्गा धनिपुर्जाको प्रतिलिपि ।

अनुसुची–२

यन्त्र उपकरण खरिदका लागि साझेदारी गर्ने सम्बन्धमा गरिने सम्झौताको ढाँचा

धनकुटा नगरपालिका र श्री ...................... बीच साझेदारीमा .................. खरिद गर्न अनुदान दिने सम्बन्धमा गरिएको सम्झौता पत्र

धनकुटा नगरपालिका (यसपछि पहिलो पक्ष भनिएको) र श्री ................., धनकुटा न.पा.-.... (यसपछि दोश्रो पक्ष भनिएको) बीच कृषिमा यान्त्रिकरण गरी उत्पादनलाई बढावा दिई कृषि क्षेत्रलाई व्यवसायिकरण गर्ने कार्यको लागि साझेदारीमा ............... खरिद गर्न अनुदान दिने/लिने कार्य गर्न/ गराउन दुवै पक्ष मञ्जुर भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं, दियौं ।

**सम्झौताका शर्तहरु**

१. पहिलो पक्षले यन्त्र उपकरण खरिदमा कुल लागतको अधिकतम ८० प्रतिशत रकम दोश्रो पक्षलाई अनुदान स्वरुप उपलब्ध गराउनेछ । दोश्रो पक्षले कुल लागतको न्यूनतम २० प्रतिशत साझेदारी रकम आफ्नो नाममा रहेको बैंक खातामा जम्मा गरी सक्कल भौचर पहिलो पक्षलाई बुझाउनु पर्नेछ ।

२. पहिलो पक्ष र दोश्रो पक्ष बीच सम्झौता सम्पन्न भए पछि दोश्रो पक्षले आफूलाई सहज पर्ने बजारबाट तोकिएको यन्त्र उपकरण खरिद गरी ल्याउनु पर्नेछ ।

३. यन्त्र/उपकरण खरिदमा पहिलो पक्षबाट अनुदान स्वरुप अधिकतम रु. ..................रकम उपलब्ध गराउनेछ ।

४. दोश्रो पक्षले खरिद गरी ल्याएको यन्त्र उपकरणको प्रयोग तथा गुणस्तरीयताको सम्बन्धमा पहिलो पक्षले आवश्यकता अनुसार अनुगमन तथा निर्देशन गर्नेछ ।

५. खरिद गरी ल्याएको यन्त्र उपकरणहरु समुहमा परिचालन गर्नुपरेमा दोश्रो पक्षले कार्यविधी बनाई परिचालन, व्यवस्थापन तथा नियन्त्रण गर्नुपर्नेछ ।

६. दोश्रो पक्षले खरिद गरिएको यन्त्र उपकरणको बील भरपाईका साथ निवेदन पेश गरिसकेपछि पहिलो पक्षले खरिद सुनिश्चितता गरी दोश्रो पक्षको बैंक खातामा अनुदान वापतको ८० प्रतिशत रकम उपलब्ध गराउनेछ

७. दोश्रो पक्षले प्राप्त यान्त्रिकरण अनुदानको उचित सदुपयोग गर्नुपर्नेछ । अनुदान प्राप्त गरेको मितिले ५ वर्षसम्म अरुलाई हस्तान्तरण गर्न पाईने छैन, सो भन्दा अगावै हस्तान्तरण वा विक्री वितरण गरेमा वा सम्झौता बमोजिम अनुदानको उपयोग नगरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिने र त्यस्ता कृषकलाई यस कार्यक्रमबाट बञ्चित गरिनेछ ।

८. सम्झौताका शर्तहरु हेरफेर गर्नुपरेमा आपसी सहमतिमा गर्न सकिनेछ ।

| <u>पहिलो पक्षको तर्फबाट</u> | <u>दोस्रो पक्षको तर्फबाट</u> |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम थरः | नाम थरः |
| पदः | ठेगानाः |

अनुसुची-३

कार्यक्रम/योजना सम्पन्न प्रतिवेदनको ढाँचा

१. कार्यक्रम/योजनाको नामः

२. कार्यक्रम भएको स्थानः

३. कार्यक्रम/योजना सञ्चालन गर्ने ब्यक्ति/संस्थाः

४. मुख्य क्रियाकलापः

५. सम्पन्न मितिः

६. कार्यक्रम/योजनाको कूल लागतः रु. ..................

(क) नगरपालिकाको तर्फबाटः रु. ..................(ख) प्रस्तावक/निवेदकको तर्फबाटः रु. ............

७. कार्यक्रम/योजना सम्पन्न पछि रोजगारी सिर्जना हुने संख्याः

(क) प्रतक्ष्यः ............जना

(ख) अप्रतक्ष्यः ............जना

८. कार्यक्रम/योजनाबाट प्राप्त मुख्य उपलब्धीहरुः

९. संग्लन गर्नुपर्ने आवश्यक कागजातहरुः

(क) भुक्तानी मागको निवेदन

(ख) संस्थाको निर्णय

(ग) कार्यक्रमको उपस्थिति विवरण

(घ) खर्चको सक्कल विल भरपाई

(ङ) सम्झौता पत्रको प्रतिलिपी

(च) कार्यक्रमको फोटोहरु

निर्णय नं १६

धननकुटा नगरपालिकाको कार्यालयवाट तयार भई पेश भएको_धनकुटा नगरपालिकाको वैदेशिक रोजगार तथा पुनः एकीकरण नीति, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

## धनकुटा नगरपालिकाको वैदेशिक रोजगार तथा पुनःएकीकरण नीति, २०७८

प्रस्तावना

केहि बर्षदेखि नेपाली युवाहरुले प्राप्त गरेको रोजगारी, नेपालमा प्राप्त विप्रेषण र नेपालीहरुको जीविकोपार्जनमा विप्रेषणको योगदानले नेपाल वैदेशिक रोजगारमा बढी नै निर्भर हुदै गएको पुष्टि हुन्छ । यस नगरपालिकाबाट पनि ठूलो संख्यामा युवाहरु कामको खोजिमा विभिन्न मुलुक जाने गरेका छन् । वैदेशिक रोजगारीको कारणले नेपालीहरुको शिक्षा, स्वास्थ्य लगायत दैनिक जीवनयापनमा केही सहजता ल्याएको यथार्थता हुँदा हुदै पनि युवाहरु बाध्यकारी रुपमा वैदेशिक रोजगारीमा जानु पर्ने अवस्थाले गर्दा पारिवारिक विखण्डन, आन्तरिक उत्पादनमा ह्रास, विकास निर्माणमा जनशक्तिको अभाव, सामाजिक तथा साँस्कृतिक विचलनहरु बढ्दै गएको यथार्थता रहेको छ । यस्तो परिस्थितिमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबीचको प्रभावकारी समन्वय तथा सहकार्यमा निजी क्षेत्र, अन्तर्राष्ट्रिय संघसंस्था, गैरसरकारी संस्था तथा आम सरोकारवालाहरुको सहभागितामा आन्तरिक रोजगारी सिर्जना गर्दै वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुको सीप, ज्ञान र पुँजी स्वदेशमा नै व्यवस्थापन तथा परिचालन गर्नका लागि आगामी दिनमा स्पष्ट नीति तथा कार्ययोजनाका साथ अघि बढ्नु अपरिहार्य देखिन्छ । यसै सन्दर्भमा यस नगरपालिकाले वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुलाई आफ्नै समुदाय तथा देशमा रोजगार वा स्वरोजगार अभिवृद्धि गर्दै उनिहरुको दिगो पुनःएकीकरण गर्नको लागि नेपालको संविधानको अनुसूचिः ८ को स्थानीय तहको अधिकारको सूची र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित प्रावधान अनुसार यो वैदेशिक रोजगार तथा पुनःएकीकरण नीति, २०७८ निर्माण गरिएको छ ।

### १. दिर्घकालीन सोच

सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचनामा पहुँच अभिवृद्धि गर्दै फर्केर आएका आप्रवासी कामदारहरुको सीप, ज्ञान र पुँजीको उपयोग गर्दै दिगो पुनःएकीकरण गर्ने ।

### २. लक्ष्य

२.१ नगरपालिका भित्र रोजगार तथा उद्यमशीलताको अवसरहरुको सृजना गरी बैदेशिक रोजगारीलाई बाध्यात्मक नभई अवसरको रुपमा प्रयोग गर्ने अवस्थाको निर्माण गर्ने ।

२.२ वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुलाई आन्तरिक रोजगारी सिर्जना हुने कार्यहरुमा संलग्न गराउने ।

२.३ वैदेशिक रोजगारबाट फर्केपछि परिवार र समाजमा आर्थिक, सामाजिक र मनोसामाजिक रुपमा पुनःएकीकरण भई सहज जीवनयापन गर्न सम्बन्धित निकायहरुबीच सहकार्य, समन्वय तथा सहजिकरण गर्ने ।

### ३. उद्देश्य

उपयुक्त लक्ष्य हासिल गर्नका लागि देहाय बमोजिमका उद्देश्यहरु लिईएको छ ।

३.१ आन्तरिक रोजगारीको सिर्जना र प्रवद्र्धन गरी बाध्यात्मक रुपमा वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको संख्या क्रमशः कम गर्नु ।

३.२ वैदेशिक रोजगारीबाट प्राप्त आम्दानी, अनुभव र सिपलाई उत्पादनमूलक कार्यमा लगाई स्व-रोजगार सिर्जना गर्नु ।

३.३ उद्देश्य १ र २ प्राप्त गर्नको लागि सरोकारवाला बीच सहकार्य, समन्वय तथा सहजिकरण गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नु ।

### ४. रणनीति तथा कार्यनीति

माथि उल्लेखित लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि देहायका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ ।

### ४.१ उद्देश्य ३.१ को रणनिति तथा कार्यनीति

उद्देश्य ३.१ मा उल्लिखित आन्तरिक रोजगारीको सिर्जना र प्रवद्र्धन गरी बाध्यात्मक रुपमा वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको संख्या क्रमशः कम गर्ने उद्देश्य हासिल गर्न निम्न रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ ।

#### ४.१.१ रणनीति

क) आन्तरिक रोजगारीको अवसरले मात्र बाध्यात्मक वैदेशिक रोजगारीलाई कम गर्ने हुँदा सम्बन्धित सरकारी निकाय, गैरसरकारी तथा निजी क्षेत्रसँग सहकार्य गरी आन्तरिक रोजगारीलाई प्रवद्र्धन गर्ने ।

ख) स्थानीय स्तरमा उपलब्ध स्रोत, साधन, अवसर तथा सम्भावनाहरुको बारेमा अनुशिक्षण तथा परामर्श कार्यक्रमहरुको माध्यमबाट जानकारी प्रदान गरी स्वदेशका अवसरहरु उपयोग गर्न अनुकूल वातावरण तयार गर्ने ।

ग) स्थानीय स्रोत साधनको पहिचान, त्यसको अधिकतम परिचालन, व्यवसाय संचालनका लागि अनुकूल कानूनी तथा संरचनागत व्यवस्थाको निर्माण, बजार प्रवद्र्धन तथा लगानीका लागि स्रोत उपलब्ध गराउन सरकारी, गैरसरकारी, निजी, अन्तराष्ट्रिय संस्था तथा सहकारी क्षेत्रले संयुक्त प्रयत्न गर्ने ।

घ) सरकारका विभिन्न निकायहरुले सञ्चालन गर्ने विकास निर्माण लगायतका कार्यहरुमा वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई परिचालन गर्ने तथा यस्ता जनशक्तिलाई परिचालन गर्ने उद्यम तथा कलकारखानाहरुलाई विभिन्न किसिमका प्रोत्साहन प्रदान गर्ने ।

ङ) वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुलाई औद्योगिक प्रतिष्ठान, सरकारी निकाय तथा निजी क्षेत्रहरुमा प्राथमिकताका साथ रोजगारी प्रदान गर्ने ।

#### ४.१.२ कार्यनीति

क) वैदेशिक रोजगारबाट फर्केका आप्रवासी कामदार, उनीहरुको अनुभव र सिपको लगत संकलन तथा अध्यावधिक गरिनेछ ।

ख) आन्तरिक रोजगारी सिर्जना गर्ने निकायहरुको पहिचान, लगत संकलन र उपलब्ध रोजगारीका अवसरको नियमित र अध्यावधिक विवरणहरु धेरैभन्दा धेरै व्यक्तिले पाउन सक्ने गरी सार्वजनिक पद्धतिको विकास गरिनेछ ।

ग) औद्योगिक प्रतिष्ठान तथा निजी क्षेत्रले उपलब्ध गराउन सक्ने रोजगारीको विवरण लिई उक्त पदको लागि वैदेशिक रोजगारीबाट फर्किएका दक्ष जनशक्तिहरु भएमा सिफारिस गरिनेछ ।

घ) नगरपालिका तहमा श्रम बजारको अध्ययन गरी माग भए अनुसारका दक्ष जनशक्तिहरु उत्पादन गर्नको लागि बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरु तथा वैदेशिक रोजगारमा रहेका कामदारका परिवारहरुका लागि सीपमूलक तालिम संचालन गरिनेछ ।

ङ) बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरु, वैदेशिक रोजगारमा रहेका कामदारका परिवारहरु र नगरपालिका तहमा रोजगारीको खोजीमा रहेका युवाहरुलाई लक्षित गरी आन्तरिक रोजगारीका अवसर, उद्यमशिलताको सम्भावना, आन्तरिक बजार तथा स्रोत साधनको उपलब्धताको सम्बन्धमा जानकारी दिन पेशागत विज्ञबाट स्थानीय रोजगारी तथा व्यवसायिक अनुभव सम्बन्धी कक्षाहरु सञ्चालन गरिनेछ ।

च) रोजगार सिर्जना एवम् उद्योग स्थापना तथा सञ्चालन गर्न वैदेशिक रोजगारबाट फर्किएका ईच्छुक व्यक्तिलाई सरकारी, गैरसरकारी तथा निजी क्षेत्रले स्रोत, सूचना तथा अनुभव प्रदान गरी सहयोग गर्न आवश्यक संरचनागत व्यवस्था गरिनेछ । बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले कृषि उद्यमी हुन चाहेमा सोको लागि आवश्यक पर्ने वातावरण सृजना गरिने छ ।

छ) बैदेशिक रोजगारीबाट फर्किएका (दक्ष) जनशक्तिलाई परिचालन गर्ने निजी क्षेत्र, औद्योगिक प्रतिष्ठानलाई विभिन्न प्रकारले प्रोत्साहन गरिनेछ ।

ज) आन्तरिक श्रम बजारमा जनशक्ति उपलब्ध हुँदासम्म नगरपालिका भित्रको जनशक्तिलाइ परिचालन गर्ने ।

### ४.२ उद्देश्य ३.२ को कार्यनीति

उद्देश्य ३.२ मा उल्लिखित वैदेशिक रोजगारबाट प्राप्त आम्दानी, अनुभव तथा सीपलाई उत्पादनमूलक कार्यमा लगाई स्व-रोजगारी सिर्जना गर्ने उद्देश्य हासिल गर्न निम्न रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ ।

### ४.२.१ रणनीति

क) वैदेशिक रोजगारबाट प्राप्त प्रतिफलको अभिलेख सार्वजनिक गर्ने र त्यसबाट स्थानीय तहले लिन सक्ने लाभ पहिचान गर्ने ।

ख) वैदेशिक रोजगारबाट प्राप्त आर्थिक तथा सामाजिक पूँजीलाई उत्पादनमूलक कार्यमा लगाउनुका साथै ज्ञान र सिपको उपयोगका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।

ग) वैदेशिक रोजगारबाट प्राप्त पूँजीलाइ नगरपालिका स्तरमा ठूला र प्रतिफलयुक्त आयोजनामा परिचालन गर्न प्रोत्साहन हुने गरी श्रमिकलाई उद्यमशिल हुन र लाभ प्राप्त गर्न सक्ने अवस्था निर्माण गर्ने ।

घ) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई सामुहिक लागानी गर्न प्रोत्साहन गर्ने र गरेको लगानीमा साझेदारिता सहयोग गर्न सार्वजनिक तथा निजी क्षेत्रलाई प्रोत्साहित गर्न आवश्यक प्रयत्न गर्ने ।

४.२.२ कार्यनीति

क) आप्रवासी श्रोत केन्द्र र रोजगार सूचना केन्द्रलाई परिचालन गरी वैदेशिक रोजगारबाट फर्केका आप्रवासी कामदारले प्राप्त गरेको सीप, अनुभव र प्रविधिको अभिलेखीकरण तथा विश्लेषण गरिनेछ ।

ख) वैदेशिक रोजागारमा जानुभन्दा पहिला उनिहरुलाई वित्तीय साक्षरता तालिम प्रदान गरिनेछ, जसले प्राप्त आम्दानीको सदुपयोग गर्ने ज्ञान प्राप्त भई आम्दानीलाई उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्न प्रेरित गर्नेछ । यस्ता किसिमका वित्तिय साक्षरता तालिम वैदेशिक रोजगारमा रहेका कामदारका परिवारहरुलाइ पनि दिइनेछ ।

ग) वैदेशिक रोजगारमा रहेका कामदारका परिवारले वैदेशिक रोजगारबाट प्राप्त गरेको विप्रेषणलाई उद्यम व्यवसायमा लगानी गर्न प्रोत्सान गरिनेछ तथा लगानीका लागि आवश्यक पर्ने वातावरण सृजना गरिने छ । यसका लागि व्यवसायको सम्भाव्यता अध्ययन, उद्यमशिलता तथा सीप विकास तालिम प्रदान गरिनेछ ।

घ) आफ्नो व्यवसाय सञ्चालन गर्न पूँजी अभाव भएमा उपलब्ध बैक तथा वित्तीय संस्थाहरुबाट सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सहजीकरण गरिनेछ ।

ङ) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरु वा वैदेशिक रोजगारमा रहेका व्यक्तिको परिवारले सञ्चालन गरेका व्यवसायबाट उत्पादित वस्तु तथा सेवा भण्डारण, ढुवानी तथा बिक्रिमा सहजता ल्याउन ग्रामिण सडकको विस्तार, शितगृह, संकलन केन्द्र तथा बजार उपलब्ध गराउन आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

च) वैदेशिक रोजगारबाट फर्केर आएका तथा वैदेशिक रोजगारमा रहेका व्यक्तिको परिवारले वैदेशिक रोजगारबाट प्राप्त आम्दानीको लगानी गरी सामूहिक रुपमा कुनै व्यवसाय सञ्चालन गर्न चाहेमा त्यसमा प्राविधिक, वित्तीय तथा अन्य सहयोग विशेष प्राथमिकता साथ प्रदान गरिनेछ । यसैगरी वैदेशिक रोजगारीबाट फर्किएर व्यवसाय गरिरहेका मध्ये उत्कृष्ट व्यवसायीहरुलाई वार्षिक रुपमा नमुना उद्यमी पुरस्कार प्रदान गरिनेछ ।

छ) बैदेशिक रोजगारीमा रहेका, फर्केका व्यक्तिहरु र तिनका परिवारलाई सहयोग पुर्‍याउने उद्देश्यले एउटा कोष स्थापना गरिनेछ । वैदेशिक रोजगारबाट पीडित व्यक्ति र समस्यामा परेका तिनका परिवार तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सहयोग तथा उद्यमशीलताका लागि कोषको उपयोग गर्न सकिनेछ । सो कोष संचालनका लागि छुट्टै कार्यविधि बनाइनेछ ।

ज) वैदेशिक रोजगारबाट प्राप्त आम्दानीबाट सञ्चालित उद्योग, व्यापार व्यवसायमा विभिन्न प्रकारका कर तथा गैरकर छुट प्रदान गरिनेछ ।

झ) वैदेशिक रोजगारमा आवद्ध व्यक्ति तथा तिनका परिवारलाई वित्तिय सहयोग गर्न उनिहरुको समेत लगानीमा कृषि तथा पर्यटन सहकारीको स्थापनाका लागि पहल गरिनेछ ।

ञ) नगरपालकिाले भारत जाने कामदारको लागि परिचय पत्र उपलब्ध गराउनेछ । भारतबाट फर्केपछि कामदारको विवरण अध्यावधिक गर्ने व्यवस्था क्रमशः लागू गरिनेछ ।

ट) स्थानीयतहसँग रहेका लगत तथा सूचनालाई एकिकृत गरी डिजिटलाइज्ड कम्प्यूटर सफ्टवेयर निर्माण गरी सूचना तथा तथ्यांक संग्रह गर्ने र उक्त सूचनामा संघीय सरकार र प्रदेश सरकारको

पनि पहुँच पुग्ने व्यवस्था मिलाइनेछ । यस्तो सफ्टवेयर तयार गर्न तथा आवश्यक सहयोग उपलब्ध गराउन प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गरिनेछ ।

### ४.३ उद्देश्य ३.३ को रणनीति तथा कार्यनीति

उद्देश्य ३ मा उल्लिखित उद्देश्य १ र २ प्राप्त गर्नको लागि सम्बन्धित निकायहरुबीच सहकार्य, समन्वय तथा सहजिकरण गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने उद्देश्य हासिल गर्न निम्न रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ ।

### ४.३.१ रणनीति

क) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरु तथा तिनका परिवारको हक हितको संरक्षण तथा संवद्र्धनका लागि उनीहरुको सञ्जाल निर्माणलाई प्रोत्साहित गर्ने ।

ख) सुरक्षित वैदेशिक रोजगार तथा दिगो पुनःएकीकरण सम्बन्धी सूचना प्रवाह, अनुगमन, नियमन, ठगि नियन्त्रण र वैदेशिक रोजगार तथा पुनःएकीकरण सम्बन्धी विविध गतिविधिहरुमा फर्केका व्यक्तिहरु तथा वैदेशिक रोजगारमा रहेका व्यक्तिका परिवारको संगठनलाई परिचालन गर्ने ।

ग) पुनःएकीकरण सम्बन्धि विविध कार्यक्रमहरु दिगो बनाउन संघीय सरकार, प्रदेश सरकार तथा गैर सरकारी, अन्तराष्ट्रिय संस्थाहरु र निजी क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

### ४.३.२ कार्यनीति

क) वैदेशिक रोजगारमा रहेका व्यक्तिहरु र तिनका परिवारको सुरक्षा तथा सशक्तिकरणमा काम गर्नका लागि वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरु तथा वैदेशिक रोजगारसँग आवद्ध परिवारका सदस्यहरु संलग्न हुने गरी वडा तथा नगरपालिका स्तरीय सञ्जाल निर्माणमा सहयोग तथा सहजिकरण गरिनेछ ।

ख) वैदेशिक रोजगारमा रहेका तथा फर्केका व्यक्ति र तिनका परिवारका संजालहरु आफु संगठित भएको स्थानीय तहमा सूचिकृत हुनेछन् ।

ग) यस्ता संजालको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा नगरपालिकाको तर्फबाट प्रशासनिक तथा प्राविधिक सहायता प्रदान गरिनेछ ।

घ) वैदेशिक रोजगारमा हुने ठगी नियन्त्रण, वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, तथ्यांक संकलन जस्ता कार्यहरुमा नगरपालिकाले यस्ता संजाललाई परिचालन गर्ने व्यवस्था गरिनेछ ।

ङ) वित्तीय साक्षरता, परामर्श सेवा जस्ता क्रियाकलापहरु र वैदेशिक रोजगारीका चुनौती तथा अवसरको बारेमा जानकारी गराउन वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई स्वयंसेवकका रुपमा परिचालन गरिनेछ ।

च) वैदेशिक रोजगार तथा समग्र नीति निर्माण र विकास गतिविधिहरुलाई सहजिकरण गर्न गठन गरिने समिति तथा कार्यदलमा आवश्यकता अनुसार वैदेशिक रोजगारसँग सम्बन्धित सञ्जालका प्रतिनिधिहरुलाई सहभागिता गराइनेछ ।

छ) संघ र प्रदेशले संचालन गर्ने बैदेशिक रोजगार तथा पूनःएकीकरण सम्बन्धी कार्यक्रम कार्यन्वयनमा आप्रवासन स्रोत केन्द्र, रोजगार सूचना केन्द्रलाइ परिचालन गरिनेछ ।

ज) आप्रवासी श्रोत केन्द्र, स्थानीय परामर्शदाता, सामाजिक परिचालक, सहजकर्ता, स्वयंसेवक, नागरिक अगुवा आदिको सहयोगमा सुरक्षित वैदेशिक रोजागारी र पुनःएकीकरण सम्बन्धी तथ्यपरक सूचना

तथा जानकारी गराइनेछ । अनधिकृत सूचना प्रवाह गर्ने व्यक्तिलाई कानूनको दायरामा ल्याउन आवश्यक पहल गरिनेछ ।

## ५. नीतिको प्रभावकारी कार्यान्वयन

### ५.१ संस्थागत व्यवस्था

पुनःएकीकरण नीति अन्तर सम्बन्धित क्षेत्र भएकाले यो नीति कार्यान्वयनमा सहजता ल्याउन सबैको संलग्नता रहने गरी निम्न बमोजिमको संस्थागत व्यवस्था गरिनेछ ।

क) नीति कार्यान्वयनको समग्र व्यवस्थापन नगरपालिकाले गर्नेछ । यस नीतिको समन्वय तथा नीतिगत निर्देशनका लागि नगरपालिका प्रमुखको संयोजकत्वमा सरोकारवाला निकाय तथा विषयगत शाखाका कर्मचारीहरु सदस्य रहने गरी नीति समन्वय तथा निर्देशन समिति गठन गरिनेछ । उक्त गठित समितिले सरोकारवाला निकायविच समन्वय गर्ने, नीतिगत मार्गदर्शन गर्ने, स्रोत परिचालनमा समन्वय गर्ने जस्ता कार्य गर्नेछ । यस समितिको बैठक कम्तिमा प्रत्येक ६ महिनामा बस्नेछ । सो बैठकमा वार्षिक रुपमा नगरपालिकाको वैदेशिक रोजगार तथा पुनःएकीकरण सम्बन्धी अवस्था र प्रगतिबारे समिक्षा र भावी रणनीति तय गरिनेछ ।

यस समितिमा निम्न अनुसारको पदाधिकारी रहने व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| संयोजकः | प्रमुख |
| सदस्यः | उप प्रमुख |
| सदस्यः | सामाजिक विकास समिति संयोजक |
| सदस्यः | आर्थिक विकास समिति संयोजक |
| सदस्यः | कार्यपालिका सदस्य मध्येबाट १ जना महिला सदस्य |
| सदस्यः | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य संघ |
| सदस्यः | प्रतिनिधि, नगरपालिकामा रहेका बैंक तथा वित्तीय संस्था |
| सदस्य सचिवः | प्रमुख प्रशासकीय अधिकृत |

ख) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सरोकारवाला शाखा तथा कर्मचारीहरु सदस्य रहने गरी नीति कार्यान्वयन तथा अनुगमन समिति गठन गरिनेछ । यस समितिले नियमित अनुगमन गर्ने, साझेदारहरु परिचालन गर्ने र आवश्यक सुझाव प्रदान गर्ने गरी गठित समितिलाई आवश्यक सहयोग प्रदान गर्नेछ । यस समितिको बैठक कम्तिमा प्रत्येक ४ महिनामा बस्नेछ । सो समितिमा निम्न अनुसारको पदाधिकारी रहने व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| संयोजकः | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्यः | सामाजिक विकास शाखा प्रमुख |
| सदस्यः | आर्थिक विकास शाखा प्रमुख |
| सदस्यः | रोजगार संयोजक |
| सदस्यः | वैदेशिक रोजगारबाट फर्केर आएकाहरुको संस्था वा वैदेशिक रोजगारको क्षेत्रमा काम गरिरहेको संस्थाका प्रतिनिधि १ जना |
| सदस्य सचिवः | आप्रवासी श्रोत केन्द्र प्रमुख |

ग) नगरपालिका आप्रवासी श्रोत केन्द्रलाई दिगो, प्रभावकारी र स्थायित्व प्रदान गर्न संघीय सरकार र प्रदेश सरकारको सम्बन्धित निकायहरुसँगको समन्वयमा आप्रवासी श्रोत केन्द्र सञ्चालन कार्यविधि निर्माण गरी कार्यपालिकाबाट पारित गरिनेछ । यस नीति कार्यान्वयनमा सहजिकरण र वैदेशिक रोजगार व्यवस्थापन गर्न वैदेशिक रोजगार तथा पुनःएकीकरण व्यवस्थापन शाखा स्थापना गरी सोको नेतृत्व आप्रवासी स्रोत केन्द्रले गर्नेछ ।

घ) वैदेशिक रोजगार तथा पुनःएकीकरण सम्बन्धि सरकारी, नीजि तथा गैर सरकारी माध्यमबाट नगरपालिका स्तरमा आएका सम्पूर्ण कार्यक्रमलाई समन्वयमा संचालन गरिनेछ ।

## ५.२ नीति कार्यान्वयनको योजना र वित्तीय व्यवस्थापन

क) नगरपालिकाको समष्टिगत आर्थिक नीतिको एक महत्वपूर्ण पक्षको रुपमा यस वैदेशिक रोजगार तथा पुनःएकीकरण नीतिलाई ग्रहण गरी रोजगारी व्यवस्थापनको एक आधारको रुपमा यस नीतिको कार्यान्वयन गरिनेछ ।

ख) आन्तरिक रोजगारी सिर्जना गर्ने अन्य क्षेत्रगत नीति कार्यान्वयन गर्दा यस नीतिका आधारभूत विषयलाई आत्मसात् गरिनेछ ।

ग) नीति कार्यान्वयन गर्नका लागि नगरपालिकाबाट नीति पारित भएको ३ महिनाभित्र नीति कार्यान्वयन कार्ययोजना पारित गरी नीति कार्यान्वयनलाई सुनिश्चित गरिनेछ । उक्त नीति कार्यान्वयन कार्ययोजनालाई यसै नीतिको अभिन्न अंगको रुपमा लिइनेछ ।

घ) नीति कार्यान्वयन गर्न आवश्यक स्रोत साधनको व्यवस्था नगरपालिकाले सम्वद्ध पक्षसँगको सहकार्यमा मिलाउनेछ ।

ङ) निजी क्षेत्र, विकास साझेदार, नागरिक समाज वा सम्बन्धित सरोकारवालाको संलग्नता तथा सहयोगमा नीति कार्यान्वयनका लागि वित्तीय व्यवस्थापन गरिनेछ ।

## ५.३ अनुगमन तथा मुल्यांकन

नीति कार्यान्वयनको अनुगमन तथा मूल्यांकन देहाय अनुसार हुनेछ ।

क) नीति कार्यान्वयन, प्रभावकारिता र उपलब्धी सम्बन्धी दृष्टिकोणलाई नीतिको अनुगमन तथा मूल्यांकनको मुख्य आधारका रुपमा लिइनेछ ।

ख) अनुगमन कार्यलाई नतिजामूलक बनाउन नतिजा अनुगमन सूचकको प्रयोग गरिनेछ ।

ग) नीति कार्यान्वयन, अनुगमन तथा मूल्यांकन कार्यलाई व्यवस्थित गर्न प्रविधिमा आधारित सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ ।

घ) नीति कार्यान्वयनको समीक्षा प्रत्येक आर्थिक वर्षको अन्तिममा गरिनेछ । समीक्षा कार्यक्रममा बैदेशिक रोजगार, पुनःएकीकरण र आन्तरिक स्वरोजगारको क्षेत्रमा काम गर्ने सबै निकायलाई सहभागी गराइनेछ ।